# गौशाला नगरपालिका
# आ.व. २०७५/०७६ को
# वजेट वक्तव्य

प्रस्तुतकर्ता-उपप्रमुख
आशा लामा

**यस गरिमामय दोश्रो नगर सभाका सभा अध्यक्षज्यू,**

युगौं युग देखि नेपाल एक स्वाधीन र सार्वभौमसत्ता सम्पन्न मुलुकको रुपमा रहिआएको छ । हाम्रो वर्तमान जटिल एवं चुनौतिपूर्ण भएतापनि विगत गौरवपूर्ण छ र हाम्रो भविष्य उज्ज्वल र सम्भावनायुक्त छ । विभिन्न कालखण्डहरुमा नेपाली जनताले गरेका बलिदानीपूर्ण जनआदोलन, जनयुद्ध, मधेश आन्दोलन लगायत अन्य सबै आन्दोलनबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान घोषणा भई जनताले संवैधानिक रुपमा परिवर्तनको अनुभुति गरिरहेका छन् । अहिले हामी संविधानको सर्वस्वीकार्यता बढाउँदै कार्यान्वयनको चरणमा छौं । यो काम जटिल र चुनौतिपूर्ण अवश्य छ ।

यस गौरवपूर्ण अवसरमा जनआन्दोलन, मधेश आन्दोलन लगायत अन्य पटक पटक आन्दोलनबाट आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । यस नगरको राजनीतिक सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने अग्रजहरु प्रति आभार प्रकट गर्दछु ।

**सभा अध्यक्षज्यू,**

लामो प्रतिक्षा पछि नेपाली जनताले आशा गर्दै आएका उपलब्धी स्वरुप दोस्रो संविधान सभाको निर्वाचनबाट जारी नेपालको संविधानलाई कार्यान्वयनको सन्दर्भमा २०७४ असोज २ गते सम्पन्न तेस्रो चरण स्थानीय तहको निर्वाचन प्ररिणाम पश्चात आज हामी गौशाला नगरपालिकाको दोश्रो नगरसभा संचालन गर्न गईरहेका छौं ।

आज २०७५ असार १७ गते गरिमामय दोश्रो नगर सभामा सभा समक्ष बार्षिक बजेट प्रस्तुत गर्न पाउँदा सिंहदरवारको अधिकार गौशाला नगरपालिकामा प्राप्त भएको अनुभुतिका साथ आफूलाई गौरवान्वित महशुस गर्दछु ।

स्थानीय तहको निर्वाचनलाई सहज र सरल ढंगले सम्पन्न गर्न सहयोग पुऱ्याउनुहुने सर्म्पूण मतदाता एवं सम्पूर्ण नगरबासीहरुलाई हार्दिक धन्यवाद दिदै आभार प्रकट गर्दछु ।

मुलुकको विगत १०० औँ वर्षको ऐतिहासिक पृष्ठभूमीलाई नियालेर हेर्ने हो भने नेपाली जनताहरुले विभिन्न चरणमा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र प्राप्तीको निम्ती धेरै बसन्त विताएको स्मरण गराउन चाहन्छु । यसरी विभिन्न कालखण्डमा उठाइएका आन्दोलन र संघर्षहरुमा महोत्तरी जिल्लाको गौशला नगरपालिकाका नागरिकहरुको अर्थपूर्ण योगदान र भूमिका भेटिन्छ ।

राजनैतिक आन्दोलनबाट प्राप्त सबै खाले अधिकारलाई नेपालको संविधानले संस्थागत गरी सकेको यस महत्वपूर्ण घडीमा अव हामी गौशलानगरबासीका आवश्यकता, चाहाना र भावनालाई केन्द्रविन्दुमा राख्दै गौशला नगरपालिकाको नीति कार्यक्रमहरुलाई व्यवस्थित एवं मर्यादित रुपमा अगाडि बढाउन जरुरी भएकोले **“गौशालाको सान सुन्दर, शान्त र समृद्ध तथा स्वच्छ, सफा, हराभरा, सुशासित नगरपालिका हाम्रो अभियान”** को नारालाई व्यवहारीक रुपमा साकार पार्नको लागि हामीले तयार पार्ने र कार्यान्वयनमा लैजाने कार्यक्रमहरु त्यसै तर्फ केन्द्रित हुने गरी तयार पारिएका नीति कार्यक्रम अनुसारको बजेट व्यवस्था गरिएको अनुरोध साथ यस गरिमामय सभा समक्ष आर्थिक बर्ष २०७५।०७६ को बजेट प्रस्तुत गर्न उभिएको छु र अनुमति चाहान्छु ।

सबै सकारात्मक उपलब्धि हुँदाहुँदै पनि गौशलाको अर्थतन्त्र चुनौतिरहित भने छैन । अर्थतन्त्रमा देखिएका मुलभुत चुनौतिहरु यसप्रकार प्रस्तुत गरेको छु ।

- भरखरै निर्वाचनबाट जनप्रतिनिधीहरु आएपनि अनुभवको कमि हुनु ।
- कार्यान्वयन क्षमता वृद्धि :
  आयोजनाहरुको अपुरो तयारी, कमजोर ब्यवस्थापकीय क्षमता, निर्माण ब्यवसायकीय क्षमता कमजोर, वित्तीय र प्राविधिक क्षमता, कानुनी, नीतिगत र प्रक्रियागत जटिलताका कारण आयोजनाहरु तोकिएको समयमा सम्पन्न हुनसकेका छैनन् । यसै गरी आयोजना कार्यान्वयनमा संलग्न सरोकारवालाहरुको काम गर्न उत्साहमा कमि, नतिजा प्राप्तीमा उदासीनता र समग्र मानवीय कमिका कारण कार्यान्वयन क्षमता कमजोर भएको छ ।

- आन्तरिक उत्पादन र उत्पादकत्व वृद्धि :
  उत्पादनका साधनहरुमाथि उत्पादनको पहुँच वृद्धि गरी सार्वाजनिक, निजी र सहकारी क्षेत्रको लगानि सहकार्यबाट उत्पादकत्व र उत्पादन वृद्धि गर्नुपर्ने चुनौति छ । यसै गरी उचित बजार ब्यवस्थापनका माध्यमबाट उत्पादनको आन्तरिक तथा बाह्य सुनिश्चित गर्नु अर्को चुनौती छ ।
- सार्वजनिक निर्माणको गुणस्तरीयता :
  निर्माण कार्यको सुक्ष्म सुपरीवेक्षण, निर्माण ब्यवसायीहरुको कमजोर क्षमता र सघन अनुगमनको अभावमा निर्माण भएका संरचनाहरु छोटो समयमा नै जीर्ण हुने गरेको छ । सार्वजनिक निर्माणको गुणस्तर कमजोर रहेको छ । यसमा सुधार गरी सार्वजनीक निर्माणको गुणस्तर वृद्धि गर्नुपर्ने र दोहोरो तेहोरो खर्च रोक्नुपर्ने कार्य चुनौतिपूर्ण रहेको छ ।

हाम्रा सामु विभिन्न चुनौतिहरु रहेता पनि विद्यमान अवसरहरुको सदुपयोग र चुनौतिहरुको सामना गर्ने गरी आगामी आर्थिक वर्षको बजेट तयार गरेको छु ।

यो बजेटका उद्देश्य यस प्रकार प्रस्तुत गरेको छु ।

- संविधान कार्यान्वयनमा सहयोग ।
- दिगो,समावेशी विकासमा सहयोग गर्ने ।
- समुन्नत नगर विकास तर्फ उन्मुख गर्ने
- ` सेवामा आम नागरिकको सहज पहुँच बढाउने ।

यस बजेटका प्राथमिकता

- संघीयताको कार्यान्वयन र स्थानीय सरकारको प्रत्याभुति ।
- रोजगारीको अवसरमा वृद्धि ।
- पर्यटन प्रर्वद्धनकाआयोजनाहरुको पहिचान र कार्यान्वयनमा तिव्रता ।
- सडक संजालको विस्तार ।

- शिक्षा, स्वास्थ, खानेपानी र सरसफाईमा विशेष लगानी गरिने छ ।
- आन्तरिक र धार्मिक पर्यटनको विकास प्रवर्द्धन ।
- औद्योगिक क्षेत्रमा लगानी गर्न वातावरण निर्माण गरिने छ ।

## गौशला नगरपालिकाको आ.ब. २०७५।०७६ का लागि दोश्रो नगरसभामा पेश हुने नीति तथा कार्यक्रम

### (क) कृषि नीति तथा कार्यक्रम

- माटो परीक्षण विधी अवलम्बन गरि कृषिलाई वैज्ञानिक बनाइने छ ।
- गाँउको उत्पादन बजारमा बजारीकरण गर्ने ।
- गौशला नगरको प्रत्येक गाँउलाई प्राविधिक तालिम उपलव्ध गराई एक गाँउ एक उत्पादन कार्यक्रम प्रत्येक ग्रामीण घरमा कम्तीमा एक घर एक रोजगार श्रृजना गर्ने ।
- गाँउ-गाँउमा आर्थिक विकासका लागि उत्पादनमूलक घरेलु कार्यक्रम लागू गर्ने ।
- आधुनिक प्रविधियुक्त कृषि कार्यक्रमलाई प्रोत्साहित गरिने छ । पशुपंछी पालन र कृषिमा आत्मनिर्भर हुने कार्यक्रमलाई अगाडी वढाइने छ ।
- व्यवसायिक कृषि तथा पशुजन्य उत्पादनमा कृषकहरुलाई सघाउ पुऱ्याउने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।
- कृषि उपजमा किटनाशक औषधिको प्रयोगलाई निरुत्साहित गर्दै अर्गानिक उत्पादनमा जोड दिइनेछ ।
- कृषिलाई उद्योगको रुपमा विकास गर्दै लगिनेछ ।
- सिचाईको ब्यवस्था मिलाइने छ ।
- उत्पादित वस्तुलाई बजारीकरणको लागी बिक्री केन्द्रको स्थापना गरिने छ ।
- कृषकहरुलाई प्रोत्साहन कार्यक्रम अगाडी बढाइने छ ।

- कृषि सिंचाई र विद्युतको संयुक्त कार्यक्रम बनाई अधिकतम लाभ लिने प्रक्रिया अवलम्बन गरि संचालनको व्यवस्था मिलाइने छ ।

## (ख) पूर्वाधार नीति :

- चक्रपथ निर्माणका लागि सम्भाब्यता अध्ययन गरी निर्माण गर्ने नीति लिइएको छ ।
- शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७२ को पूर्ण पालनामा जोड दिईनेछ ।
- प्रत्येक वडाका सडक, खानेपानी, बिजुली र फोहोर व्यवस्थापन गर्न ठोस योजना निर्माण गरि कार्यान्वयन गर्ने ।
- नगरपालिका भित्रका सवै वडामा एउटै प्रणालीको विद्युत उपलव्ध गराउन पहल गरिनेछ ।
- वैकल्पिक उर्जाको रुपमा सौर्य उर्जा, शुन्य फोहोर मैलाको रुपमा वायो ग्यासको विकास गरिनेछ ।
- पुरानो बजारहरुलाई क्रमशः सुधार गरि सडक चौडा गर्ने, ढल तथा नालाको व्यवस्था गरिनेछ ।
- नगरपालिका भित्रका खोलानाला जस्तै मराहा, बांके, जंघा, ढोलन र सोनी खोलाहरुलाई सम्बन्धित कार्यालयको समन्वयमा तटबन्ध लगाएतका अन्य प्रविधिबाट कटान लगाएतका क्षतिहरु हुन नदिन आवश्यक कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।
- नगरको १२ वडाहरुमा ठूला योजनाहरु सडक, खानेपानी, सिंचाई एवं अन्य पूर्वाधार निर्माणको DPR तयार गरि व्यवस्थित रुपमा कार्य गरिनेछ । नगरभित्रका पूर्वाधार निर्माण गर्दा वडास्तरीय, नगरस्तरीय र प्रदेश/संघस्तरीय योजना गरी ३ तहमा वर्गिकरण गरि कार्यान्वयन गरिनेछ ।
- सानातिना भैपरी आउने पूर्वाधार निर्माण गर्नका लागि कूल पूँजीगत बजेटको वडा स्तरीय योजनाका लागि कम्तिमा कम्तिमा १० प्रतिशत र

नगरस्तरीय योजनाका लागि ५ देखि १० प्रतिशत बजेट मर्मत सम्भार कोषमा विनियोजन गरिको छ ।

- अब्यवस्थीत पोलका तारहरुलाई व्यवस्थित गराउन लगाईने छ ।
- नगरपालिका भित्रका राजमार्गलाई ४ लेनको वनाईनेछ ।
- नगरस्तरीय सडकको मापदण्ड बनाइनेछ ।
- नगर यातायात र नगर ग्रामीण यातायात सञ्चालनमा ल्याइने छ ।
- घरहरुलाई एकरुपता कायम गरिने नीति अवलम्बन गरिनेछ ।
- नगर गुरु-योजना बनाई योजनावद्ध विकास निर्माण अगाडी बढाउइने छ।
- पूर्वाधारका कार्यक्रम संचालन गर्दा भुकम्प प्रतिरोधात्मक अपाङ्गमैत्री, बालमैत्री,वातावरण मैत्री मापदण्ड बमोजिम गरिनेछ ।
- पार्किङ व्यवस्थित गरी आय आर्जन गर्ने नीति लिइनेछ ।
- वडा कार्यालयको भवन नभएको ठाँउमा क्रमशः १२ वडा कार्यालय भवनको निर्माण गरिनेछ ।
- नयाँ नापी गराई वाटोलाई लगत कट्टा गरी सार्वजनिक वनाईनेछ ।
- ब्यवस्थीत बसपार्क निर्माण गरिने छ ।

## (ग) समावेशीकरण/महिला/बालबालिका सम्बन्धि नीति :

- लोपोन्मुख जातीहरु पासमान, दुषाड माझी, कुमाल, मुसहर र दलितहरुका लागि विशेष कार्यक्रम उपलव्ध गराईनेछ ।
- बालबालिकाको चौतर्फी विकासका लागि प्रतियोगितात्मक, मनोरञ्जनात्मक र साहसिक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- बालमैत्री स्थानीय शासन अनुरुपमा विविध कार्यक्रमहरु सञ्चालन गरिनेछन ।
- भिन्न क्षमता भएका नागरिकका लागि विभिन्न तालीम र आयमुलक कार्यक्रम संचालन गरिनेछ ।
- जेष्ठ नागरिकलाई उच्च सम्मान गर्दै यथोचित ब्यवस्था मिलाइनेछ ।

## (घ) पर्यटन नीति :

- गाई गौशलाको ऐतिहासिक महत्व झल्कने खालका प्रचारात्मक कार्य गरिने छ ।
- आन्तरिक एवं वाह्य पर्यटक भित्र्याउन सहयोग पुग्ने खालका पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण र विकास गरिनेछ ।
- आन्तरिक पर्यटनका लागि नमुना पार्कको निर्माण गरिनेछ ।
- विभिन्न पर्यटकीय स्थानको पूर्वाधार निर्माण गरि होमस्टे, प्राचीन संस्कृतिको अध्ययन केन्द्र, मनोरञ्जनात्मक वातावरणको विकास गरिनेछ ।

## (ङ.) आन्तरिक आय वृद्धि/कर/राजश्व परिचालन सम्बन्धी नीति :

- आन्तरिक आयलाई सुधार गरी सहज सरल र दायरा फराकिलो वनाई सर्वसुलभ वनाउने ।
- आन्तरिक आय वृद्धि गर्नका लागि राजश्वका/करका विभिन्न क्षेत्रहरुको पहिचान गरिनेछ ।
- टेलिफोन टावर, केवल लाइन र होर्डिङ वोर्डलाई करको दायरामा ल्याइनेछ ।
- एकीकृत सम्पत्ति करलाई १२ वटै वडा कार्यालयमा विस्तार गरी लागू गरिनेछ ।
- नगरपालिकाले विभिन्न क्षेत्रवाट प्राप्त गर्ने कर, शुल्क तथा दस्तुरलाई प्रभावकारी रुपले संकलन गर्नका लागि सम्बन्धित सरोकारवाला निकायसँग सहकार्य गरिनेछ ।
- राजश्व प्रशासन शाखालाई थप सुदृढ गर्दै लगिनेछ ।
- पुराना बजारलाई व्यवस्थित गर्दै ऐतिहासिक महत्व कायम रहने गरी सुधार गरीने छ ।
- नगर भित्रका सम्पुर्ण सार्वजनिक पोखरीलाई न.पा. का आय स्रोतका रुपमा वृद्धि गर्दै लगिने छ ।

## (च) वन/वातावरण /सरसफाई नीति :

- सफा र हरियाली नगरपालिका निर्माणका लागि हरित सडक, खोला खोल्सामा वृक्षारोपण, बाँस रोपण, रुख तथा बाँसद्धारा तटवन्धन, सामुदायिक भवनको संरक्षण, खाली ठाँउमा वृक्षारोपण आदि कार्य गरिने छ ।
- एक घर एक रुखको विरुवा, घरको छत र वरण्डामा कौशि खेतीको शुरुवात गरी नगरलाई सफा र हरियो नगरको रुपमा विकास गरिनेछ ।
- सोमवार र विहिवार लाग्ने बजारबाट निस्कने फोहोरले बजार दुर्गन्धीत भएको हुँदा बजारमा सामान ढुवानी गरि ल्याउने बयलगाडा र ट्र्याक्टर लगाएतका साधनलाई बजार अवधि भर अन्यत्र पार्किङ्ग गर्ने व्यवस्था मिलाइ नगरलाई सफा बनाउने कार्य प्रारम्भ गरीनेछ ।
- नालामा प्रदुषित पानी वा त्यस्तो पदार्थ मिसाउन पूर्णरुपमा निषेध गरिने छ ।
- सरसफाई केन्द्रको प्रभावकारितामा थप वृद्धि गरी क्षमता विकास गर्दै यस्ता केन्द्र वडा वडामा विस्तार गरिनेछ ।
- फोहोरबाट मोहर आर्जन गर्ने विधि लागु गरिने छ ।
- नगरक्षेत्रमा प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गर्दै लगिनेछ ।
- नगरपालिकालाई पूर्ण सरसफाईयुक्त नगर घोषणा गर्नेतर्फ अभियान अगाडि बढाईनेछ ।
- वातावरण संरक्षणका लागि एक नगर अनेक उद्धान कार्यक्रम अगाडि वढाईनेछ ।
- नगरपालिका क्षेत्रभित्र संचालित ठूला आयोजनाहरुको निर्माणमा वातावरणीय प्रभाव मूल्यांकन र बायो इन्जिनियरिङ (BIO Engineering) को प्रविधि अवलम्बन गरिनेछ ।
- नगरभित्र हुने भूस्खलन, नदि कटान, वाढी पहिरो, आगलागि, भुकम्प, आदि जस्ता प्राकृतिक विपत्ति र अन्य कृत्रिम विपत्तिवाट तुरुन्त राहत कार्य गर्न नगरपालिका, सशस्त्र प्रहरी, नेपाल प्रहरी र नेपाल रेडक्रससँग

समन्वय गरी  तुरुन्त प्राथमिक राहत र दीर्घकालीन  योजना वनाउन न.पा.मा विपद व्यवस्थापन केन्द्र स्थापना गरिने छ ।

- व्यवस्थीत वधशाला निर्माण गरीने छ ।

**(छ) उद्योग/घरेलु उद्योग सम्बन्धी नीति :**

- उद्योगहरुलाई प्रदुषण मापदण्ड भित्र ल्याइनेछ ।
- उद्योग स्थापना गर्दा स्थानीय स्रोत साधन र रोजगारीलाई प्राथमिकता दिने नीति लिइनेछ ।
- घरेलु तथा साना उद्योग, इटा उद्योगको विकास र प्रवर्द्धनमा जोड दिईनेछ ।
- नगरपालिका भित्र संचालित चिनि उद्योग, इटा भट्टालाई करको दायरामा ल्याई उद्योगलाई आफ्नो प्रबद्धंन गर्न न.पा.बाट आवश्यक व्यवस्था मिलाईनेछ ।
- नगरपालिकाको निश्चित क्षेत्रलाई औद्योगिक क्षेत्रको रुपमा विकास गरिनेछ ।
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापना गर्न प्रोत्साहन दिईनेछ ।

**(ज) शिक्षा र संस्कृति सम्बन्धि नीति :**

- प्राविधिक शिक्षा, Politechnic Institute को स्थापना, मौजुदा मा.वि., नि. मा. वि. मा प्राविधिक शिक्षा सञ्चालन  गर्नका लागि प्रोत्साहन गरिने छ ।
- सम्पूर्ण विद्यालयहरुलाई अंग्रेजी माध्यममा कक्षा सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- जिर्ण स्कुललाई संचालनमा राख्न गौशला न.पा. भित्र स्कुललाई १.५० दरले अनुदान व्यवस्था मिलाईने छ ।
- प्रा.वि. तहमा PFC कोटा हटाइएको हुँदा उक्त विद्यालयलाई अनुदानको व्यवस्था मिलाईने छ ।

- नगरक्षेत्र भित्रका शैक्षिक संस्थाहरुको शैक्षिक गुणस्तर सुधारका कार्यक्रम संचालन गरिने छ ।
- गौशला नगरपालिका भित्रका विद्यालयहरुको गुणस्तर वृद्धि गर्न तालिमको व्यवस्था, सकारात्मक प्रतिस्पर्धाको वातावरण, पुरस्कार एवं दण्डको व्यवस्था गरिएको छ ।
- स्कुललाई एंव बालबालिकालाई जुलुस, सभा समारोहमा जान नपाउने नीति लिइएको छ ।
- सामुदायिक स्कुल, कलेजलाई संरचना र पाठयकम समेतलाई पुनरावलोकन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुको समग्र व्यवस्थापनका लागि विशेष खालका कार्यक्रम संचालन गरिनेछ ।
- सवै स्कुलमा शुद्ध खानेपानीको व्यवस्था गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।
- शिक्षक समायोजन गर्न अगाडि पहल गर्नेछु ।
- गौशला न.पा. भित्रका स्कुलहरुको नियमित पठन पाठनलाई व्यवस्थित गर्न प्रत्येक स्कुलमा शिक्षा समिति बाट अनुगमन गर्ने व्यवस्था र मुसहर बालबालिकालाई स्कुल भर्ना गर्न वजेट व्यवस्था गरेको छु ।
- **सवैका लागि र सधैका लागि शिक्षा** भन्ने नारालाई मूर्तरुप दिन विभिन्न कार्यक्रम संचालन गरिनेछ ।
- कला र संस्कृतिको विकास र संरक्षण गरिनेछ ।
- अति विपन्न बालबालिकालाई स्कुल जान प्रेरित गर्न नयाँ कार्यकम संचालन गरिने छ ।
- नगरस्तरीय बाचनालयको ब्यवस्था गरीएको छ ।

**(झ) मानव संशाधन सम्बन्धी नीति :**

- वडामा कार्यरत कर्मचारीलाई तालिमको ब्यवस्था गरिनेछ ।

- नगरपालिका कार्यालय, वडा कार्यालय र विषयगत शाखा कार्यालयहरुको कर्मचारीहरु, सेवाग्राही प्रति उत्तरदायी र कर्मचारी आचारसंहिता निर्माण गरि लागू गरिने छ ।
- नगरपालिकाको व्यवस्थित एवं समुन्नत विकासको लागि आवश्यक पर्ने सम्बन्धित विषय विज्ञ को परामर्श सेवा लिने निति बनाइने छ ।
- कर्मचारीलाई IT मैत्री बनाउन विभिन्न तालीम गरि क्षमता वृद्धि गरिनेछ ।
- कर्मचारीहरुलाई समय सापेक्ष विभिन्न सीपमूलक तालीम कार्यक्रम संचालन गरिनेछ ।
- शाखा प्रमुखहरुसँग कार्यसम्पादन करार गरी काम गर्ने कार्यको थालनी गरिनेछ ।
- कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन गरी काम गर्ने कर्मचारीलाई पुरस्कृत एंव दण्ड गर्ने नीति लिइनेछ ।

**(ञ) सुशासन,संगठन विकास तथा कार्यालय व्यवस्थापन सम्बन्धी नीति :**

- संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय तहको ऐन नियम अनुसार नगर कार्यपालिकालाई आवश्यक पर्ने श्रोतको व्यवस्था हेरी संगठन संरचना र दरवन्दी श्रृजना गर्न O.D. अध्ययनको आधारमा पदपूर्ति गरिने छ ।
- नगरपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त-दुरुस्त, विश्वसनियता, क्षमतायुक्त र प्रभावकारी वनाउदै अत्यावश्यक रिक्त दरवन्दीहरुमा प्रतिस्पर्धावाट पदपूर्ति संघीय लोकसेवासंग समन्वय गरिनेछ ।
- सुशासन स्थापनाको लागि आवश्यक कानून, नियम, विनियमावली, कार्यविधि, आदिको निर्माण गरिने छ ।
- सवै कर्मचारीहरुको कार्यविवरण वनाई लागू गरिनेछ ।

- नगरपालिकाको कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी एवं सेवाग्राहीमैत्री तुल्याउन व्यवस्थापकीय क्षमता अभिवृद्धिमा जोड दिईनेछ ।
- नगरपालिकाको संस्थागत क्षमता वृद्धिका लागि भौतिक पूर्वाधार विकास तथा अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ ।
- उत्कृष्ट करदाता, उपभोक्ता समिति, संचारकर्मी, टोल विकास समितिलाई पुरस्कृत गर्ने पद्दतीको विकास गरिनेछ ।
- नगर कार्यपालिकाको वैठकवाट स्वीकृत गौशला नगरपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावलीको पूर्ण पालनामा जोड दिईनेछ ।
- नगरपालिकालाई आवश्यक मेशिनरी औजार, ढुवानीका साधन र सवारी साा्धनहरु खरिद गरिनेछ ।

## (ट) मर्यादा पालन सम्बन्धी नीति :

- नगरसभा संचालन कार्यविधि २०७४ मा उल्लेखित मर्यादा पालन सम्बन्धि विविध विषयहरुलाई कडाईका साथ पालनामा जोड दिईनेछ ।
- जननिर्वाचित प्रतिनिधिहरुका लागि आचारसंहिता वनाई लागू गरिनेछ ।
- नगरकार्यपालिकाको वैठकवाट स्वीकृत वैठक संचालन सम्बन्धि कार्यविधिको पालनामा जोड दिईनेछ ।

## (ठ) युवा तथा खेलकूद नीति :

- खेलकूदको समूचित विकास गर्न पूर्वाधारको निर्माण, सिकाई, प्रतियोगिता आदिको आयोजना गरिनेछ ।
- गौशला नगरपालिका भित्र विविध खेल संचालन हुनसक्ने कवर्ड हल निर्माण गरीनेछ । खेलकूद मैदानलाई पूर्वाधारयुक्त सुविधा सम्पन्न रंगशाला निर्माण गर्न बजेटको व्यवस्था गरेको छु ।
- एक वडा एक खेल मैदान बनाई सबैलाई खेल प्रति जागरुक बनाउदै लैजाने नीति अपनाइनेछ ।

**(ड) सार्वजनिक नीजि साझेदारी  नीति :**

- गाँउ नगरको रुपमा रहेको गौशाला नगरपालिकामा गाँउ नगर साझेदारी विकासको रुपमा अगाडि वढाइने छ ।
- निजी क्षेत्र, सहकारी क्षेत्र र सार्वजनिक क्षेत्र बीच सहकार्यको आधारमा विकासका कार्यक्रम गरिनेछ ।
- यस नगरपालिका क्षेत्रभित्र मनोरञ्जनात्मक पार्क, उद्यान, पुस्तकालय, फोहोरमैला व्यवस्थापन, हाट वजार संचालन,  जस्ता कार्यका लागि सार्वजनिक निजी साझेदारी मोडलमा काम गर्ने परिपाटीको विकास गरिनेछ ।
- स्थानीय स्तरका संघ सस्था समितिसँग सहकार्य र साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछन ।
- निजी क्षेत्रसंग सहकार्य गरी वजार क्षेत्रमा सि.सि.टि.भी. जडान गर्न पहल गरिनेछ ।
- मासु व्यवसायी संघसँगको सहकार्यमा मासु पसल सुधार, पशुवधशाला निर्माण गर्न पहल गरिनेछ ।

**(ढ) सामाजिक परिचालन तथा टोल विकास नीति :**

- १२ वटा वडामा टोल सुधार समिती गठन गरी सामाजिक विकासमा नागरिकलाई समावेश गराउने नीति लिइनेछ ।
- टोल विकास तथा सामादायिक संघ संस्थाहरुको सहयोग, समन्वय र सक्रियतामा सामुदायिक विकासका कार्यक्रम संचालन गरिनेछ ।
- सामुदायिक संस्थाहरु एवं लक्षित वर्ग केन्द्रित पूर्वाधार विकास, संस्थागत विकास, आयमूलक एवं सीपमूलक कार्यक्रम तथा क्षमता विकास सम्बन्धि कार्यक्रमहरुसंचालन गरिनेछ ।

**(ण) सूचना तथा संचार नीति :**

- सवै गौशला नगरवासीलाई सुचनामा पहुँच पुर्‍याउन पुरै नगरपालिका WIFI को पहुँच पुराउने व्यवस्था क्रमशः लागु गरिनेछ ।
- नगरपालिकावाट संचालित विविध विकास कार्यक्रम, सेवा प्रवाहको अधिकतम सार्वजनिक गरी पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गरिनेछ ।
- सूचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभूति गर्न नगरपालिकाले आफ्ना गतिविधिहरुलाई विभिन्न माध्ययमवाट सहज र सर्वसुलभ रुपमा प्राप्त गर्न सक्ने तथा सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ ।
- स्थानीय पत्रिका, F.M. रेडियो र टेलिभिजनहरु का गतिविधिलाई कानुन बनाई नियमन गरिनेछ ।
- सूचना तथा संचार क्षेत्रको संरक्षण, प्रवर्द्धन र विकास गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।
- खोजमूलक र अनुसन्धानमूलक पत्रकारितालाई प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

**(त) सामाजिक सुरक्षा नीति :**

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई बैंकिङ्ग प्रणाली मार्फत सरल र सहज रुपमा वितरण गर्ने नीति लिइनेछ ।

**(थ) अन्य :**

- संघीय प्रहरी, प्रादेशिक प्रहरी र आवश्यकता अनुसार नगर प्रहरी विच समन्वय गरी शान्ति सुरक्षा र कानूनी नगरको रुपमा विकास गरिने छ ।
- नगरका संवेदनशिल क्षेत्रहरुमा सशस्त्र प्रहरी कार्यालयको गुल्म/गण राख्नका लागि जग्गा छनौट गरी सम्बन्धित निकायमा पहल गरिनेछ ।

- नगरपालिकाको क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरुको समुचित संरक्षणको व्यवस्था गरिनेछ ।
- नगर सूरक्षा प्रहरी राख्ने नीति लिइनेछ ।

## (द) स्वास्थ्य नीति :

- प्रजनन स्वास्थ्यलाई मध्यनजर गरी वार्षिक कार्यक्रम तयार गरिनेछ ।
- महिलाहरुमा हुने रोग पाठेघर क्यान्सर पाठेघर खस्ने रोग तथा स्तन क्यान्सर जस्ता रोगको लागि सबै वडामा  शिविर सञ्चालन कार्यक्रम गरिनेछ ।
- प्रत्येक स्वास्थ्य चौकीहरुमा आवश्यक उपकरण उपलव्ध गराईनेछ । आवश्यक औषधि, खोपको वितरण समूचित रुपमा उपलव्ध गराइने छ ।
- स्वास्थ चौकीमा बर्थिङ सेन्टरको सेवा उपलब्ध गराइनेछ ।
- विद्यमान स्वास्थ्य संस्थाको विकास र विस्तार गरी आधारभुत स्वास्थ्य सेवामा सवैको पहुँच कायम गरिनेछ ।
- स्वास्थ्य र सरसफाई सम्बन्धि जनचेतना अभिवृद्धि गरी HIV/AIDS , लागू पदार्थ तथा दुर्व्यसनी नियन्त्रण र तिनको हेरचाहको लागि विभिन्न स्वास्थ्य संस्थाहरुको सहयोग, समन्वय र साझेदारी गर्ने नीति अवलम्बन गरिनेछ ।
- सुत्केरी आमा वच्चाहरुको स्वास्थ्य सुधार चेतना अभिवृद्धिका लागी पोषण युक्त आहार प्याकेजको ब्यवस्था गरिने छ ।
- गर्भवती महिलाहरुलाई निःशुल्क एम्बुलेन्स सेवा (मातृशिशु सुरक्षा निशुल्क एम्बुलेन्स सेवा) को ब्यवस्था गरीनेछ ।
- गर्भवति महिलाहरुलाई नगरपालिकावाट एक पटकका लागी अल्ट्रासाउन्ड जाँच निशुल्क ब्यवस्था गरिने छ ।

- ५ वर्ष मुनीका बच्चाहरुलाई अति कुपोषण र न्युन कुपोषण बाट सामान्य अवस्थामा ल्याइने छ ।
- न्युन कुपोषित बच्चाहरुलाई सर्वोत्तम पिठो प्याकेजको रुपमा एक पटकका लागी नगरपालिकावाट उपलब्ध गराईनेछ ।
- दुई सन्तान पछी स्थायी वन्ध्याकरण गर्नेलाई प्रोत्साहन स्वरुप रु १०००। (एक हजार मात्र) नगरपालिकावाट उपलब्ध गराईनेछ ।
- स्टाफ नर्स, फार्मेसी, C.M.A अध्ययन स्वीकृतीको व्यवस्था मिलाईनेछ ।

यी चुनौति, उद्देश्य र प्राथमिकता तथा नीतिलाई मुख्य मार्गदर्शन तयार गरी आगामी आर्थिक वर्षको बजेट तयार गरेको छु ।

**सभा अध्यक्ष ज्यू,**

समग्र रुपमा यस गौशाला नगरपालिकाका गौरवपूर्ण आयोजनाका रुपमा तपसिल बमोजिमका आयोजनाहरुलाई तपसिल बमोजिम रकम विनियोजन गरी समयमा नै बजेट कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

१) वहुसंख्यक युवाहरु वैदेशिक रोजगारतिर गइरहेको वर्तमान सन्दर्भमा ति युवाहरुलाई स्वदेशमा नै रही स्वावलम्बी बन्नका लागी रोजगारमूलक कार्यक्रम एवं आय आर्जन तर्फ आकर्षित गरी स्वदेशमा नै रहने वातावरण सिर्जना गर्नको लागि युवा तथा महिला लक्षित विकास कार्यक्रम संचालनको व्यवस्था मिलाएको छु ।

२) समग्र गौशला नगरबासीहरुको आय आर्जन बढाउनको लागि सीप नभएकाहरुलाई सीप सिकाउन र सिकेका सीपबाट आय आर्जन गर्नसक्ने तुल्याउन समग्र क्षेत्रको सीप सिकाउन उद्यामशीलता विकास तालिम तथा व्यवस्थापन कार्यक्रम तर्फ बजेटको व्यवस्था मिलाएको छु ।

३) धार्मिक सहिष्णुतालाई आत्मसात गर्दै यस गौशाला नगरपालिकाले समग्र धर्मलाई महत्व दिँदै मन्दिर, स्तुप, मदर्शा, गुम्वा,चर्च, संस्कृत विद्याश्रम र

फरक क्षमताका भएकाका लागि खुलेका विद्यालयहरुलाई टेवा पुऱ्याउनको लागि ब्यवस्था गरेको छु ।

४) भविष्यका खम्वा युवाहरुलाई लक्षित गरी यि हाम्रा भविष्यका कर्णधार कुनै कुलतमा नफसुन, लागू औषध दुर्व्यसनी तर्फ समयमा नै सचेत होउन् भन्ने उद्देश्यले गौशलाका क्षमतावान युवा समुह **गौशालाका गहना छन** भन्ने नारालाई आत्मसात गर्न लागू औषध, कुलत विरुद्ध जनचेतना कार्यक्रम संचालन गर्ने ब्यवस्था मिलाएको छु।

५) विश्व एक समुदाय भईरहेको वर्तमान २१ औं शताब्दीलाई आत्मसाथ गर्न हाम्रा प्रत्येक क्रियाकलाप सूचना प्रविधिमा निर्भर गर्न यस सूचना प्रविधिको लागि बजेट विनियोजन गरेको छु ।

६) हाम्रा बालबालिका संसारमा प्रतिस्पर्धा गर्न सकुन् भन्ने भावना स्वरुप **प्रविधियुक्त सामुदायिक विद्यालय** भन्ने नारालाई आत्मसाथ गर्दै यसलाई साकार पार्नको लागि सामुदायिक विद्यालयलाई वस्तुगत सहयोगको ब्यवस्था मिलाएको छु ।

**सभा अध्यक्षज्यू,**

८) **सफा–सुग्घर गौशला नगरपालिका** भन्ने नारालाई आम नगरबासीहरुले महशुस गर्ने गरी व्यवहारमा नै ल्याउन फोहोरमैला व्यवस्थापनलाई प्रविधियुक्त बनाएको छु ।

९) राज्यको चौथो अंग पत्रकारिता मार्फत् आम नगरबासीलाई सु-सुचित गर्ने, विकासका राम्रा कामलाई राम्रो र नराम्रो कामलाई नराम्रो काम भन्ने गौशला नगरबासीलाई सूचना पुऱ्याउने कार्यलाई टेवा मिलोस्, गौशलाका प्रत्येक गतिविधिको बारेमा नगरबासीलाई जानकारी होस् भन्ने उद्देश्य स्वरुप विकासमा पत्रकारिता कार्यक्रम लागु गरिनेछ ।

१०) छाडा चौपायहरुलाई उचित ब्यवस्थापन साथै मृत पशुपंक्षी, जनावर, र वेवारिसे मानव लासहरुको समयमै अन्त्येष्टी गर्न बजेट ब्यवस्था मिलाएको छु ।

११) सम्पूर्ण नगर बासीहरुलाई खेलको महत्व र लाभ तर्फ प्रेरित गरी स्वस्थ र स्फुर्त नगरबासी बनाउने लक्ष्य राखी नयाँ विविध खेल उपयोगि कवर्ड हल बनाउनको लागि आवश्यक रु २ करोड बजेट व्यवस्थापन गरेको छु ।

१२) जेष्ठ नागरिक तथा स्रष्टाहरुको सम्मान र अनुभव आदान-प्रदानको व्यवस्था मिलाएको छु ।

१३) नगरस्तरीय योजनाहरुको विवरणमा वडागत रुपमा अभिलेखवद्ध राख्ने व्यवस्था मिलाएको छु ।

१४) नगरस्तरीय भन्दा केही ठूला योजना, प्रदेश सरकारमा माग गर्न मिल्ने गरी प्रत्येक वडा भेलाबाट वडा समितिको निर्णय भई प्राप्त योजनाहरुलाई प्रदेश सरकारमा माग गर्ने व्यवस्था मिलाएको छु ।

१५) राष्ट्रीय गौरवका तथा ठुला लगानी लाग्ने योजनाहरुलाई केन्द्रीय योजनाको रुपमा तयार गरी संघ सरकारमा माग गर्ने व्यवस्था मिलाएको छु ।

**सभा अध्यक्षज्यू,**

१६) गौशला नगरपालिकाका सबै वडालाई बाल मैत्री वडा घोषणा गर्ने कार्यक्रम अगाडि बढाइनेछ ।

१७) गौशला नगरकार्यपालिकाको कार्यालय, १२ वटै वडा कार्यालय, यि कार्यालयमा कार्यरत रहने कर्मचारीहरुको तलव, भत्ता, कार्यालय सञ्चालन लगायतका आदि शिर्षकहरुमा १२ महिनासम्म सञ्चालन गर्न, समायोजन भई आउने विभिन्न कर्मचारी, कार्यालय सञ्चालन र भाडा जस्ता कार्यको

लागि चालु बजेट तर्फ रु.११ करोड ५४ लाख २७ हजार बजेट विनियोजनको व्यवस्था मिलाएको छु ।

**सभा अध्यक्षज्यू,**

यस आ.व.२०७५/०७६ को लागि नेपाल सरकारको निशर्त वित्तिय समानिकरण अनुदान रु. १७ करोड २ लाख, राजश्व बाँडफाँडबाट रु. ११ करोड ५४ लाख २७ हजार, आन्तरिक आय तर्फबाट रु ४ करोड, संघ सरकारको ससर्त अनुदान प्राप्त रु १६ करोड ४५ लाख, सडक बोर्ड नेपालको रु १९ लाख, एलजीसीडिपी चालु रु ३३ लाख ,सामाजिक सुरक्षा रु. ७ करोड, जि.स.स भवन निर्माण अनुदान रु. १ करोड, प्रदेश सभा वित्तिय सामान्यीकरण रु. १ करोड, मालपोतबाट बाँडफाड रु १८ लाख र अल्या रकम रु ३ करोड गरी जम्मा रु ६१ करोड ९१ लाख २७ हजार कुल वजेट विनियोजित रहेको कुरा यस सभा समक्ष प्रस्तुत गर्दछु ।

गौशाला नगरपालिकाको कुल आय मध्ये कुल प्रशासनिक खर्च तर्फ रु. १६ करोड ४५ लाख विनियोजन गरेको छु । त्यसै गरी सामाजिक सुरक्षातर्फ ७ करोड गरी कुल प्रशासनिक खर्च रु. २३ करोड ४५ लाख विनियोजन गरेको छु ।

सो मध्ये पुँजीगत खर्च ३८ करोड ४६ लाख २७ हजार मध्ये वडागत योजना तथा कार्यक्रमको लागि प्रतिवडा ३० लाखका दरले रु. ३ करोड ६० लाख र बाँकि ३४ करोड ८६ लाख २७ हजार नगरस्तरीय पुजीगत खर्चको व्यवस्था गरेको छु ।

**सभा अध्यक्षज्यू,**

जतासुकै कच्ची सडकहरु रहेको, भौगोलिक विकटता, आकस्मिक किसिमका अवरोधहरु सिर्जना हुने अवस्था जस्ता क्षेत्रमा खर्च गर्ने गरी मर्मत सुधार तथा आकस्मिक कोषको ब्यवस्था गरेको छु ।

**सभा अध्यक्षज्यू,**

प्रस्तुत बजेट तर्जुमा गर्न मार्ग निर्देशन गर्नुहुने माननिय मन्त्री ज्युहरु, माननिय सांसदज्युहरु, पूर्व नगर प्रमुख लगायत सम्पूर्ण पदाधिकारी ज्युहरु, सम्पूर्ण राजनितक दलका पदाधिकारी ज्युहरु, निजि क्षेत्र तथा विकास साझेदार सस्थाका महानुभावहरु, वडा अध्यक्ष ज्युहरु, नगर कार्यपालिका सदस्य ज्युहरु, विभिन्न समितिका संयोजक ज्युहरु, नगर सभाका सदस्य ज्युहरु, राष्ट्र सेवक कर्मचारीहरु, बुद्धिजिविहरु, नगरको सम्मुनत विकासमा टेवा दिने नगरवासीहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्छु ।

अन्त्यमा, नगरको विकास र सम्बृद्धिमा निरन्तर सद्भाव र सहयोग पुऱ्याउने आम नागरिक, करदाता, नगरको हित र समुन्नतीमा कार्यरत सबै विकास साझेदार, सरकारी गैर सरकारी सामुदायिक संस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दै यस बजेटको सफल कार्यान्वयमा सबैको खुल्ला हृदयबाट सहयोगको अपेक्षा गरेको छु । बहस, छलफल र सहकार्यमा नै विकास हुनसक्छ भन्ने मान्यता बोकेको छु । सो कुरा यहाँहरु समक्ष विश्वास दिलाउन पनि चाहन्छु ।

विकास निरन्तर चलिरहने प्रक्रिया हो । यसको मात्रा समय अनुसार फरक पर्दछ । विकासको अवधारण संगसंगै समस्याहरु पनि देखा पर्दछन्, जसको समाधान सिमित स्रोत साधनका कारण एकै पटक हुन संभव हुँदैन । त्यसैले वर्तमान वस्तुगत यथार्थ र धरातलमा उभिएर आफ्नो नगरपालिकाको ढुकुटीलाई आधार मानी समग्र चुनौतीहरुको सामना गर्न हामी कटिबद्ध, प्रतिबद्ध र एकताबद्ध बनौं । गौशाला बजार नगरपालिकाको विकासको सपना देखौं, सपना देख्नेले नै विपनामा सो कुरा साकार पाउँछ भन्दै गौशला नगरबासीहरुको उज्वल भविष्य निर्माणको लागि कामना गर्दछु ।

धन्यवाद ! जय गौशला ॥।